## कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६

मा. आरती पौडेल मन्त्री

<u>प्रस्तावनाः</u> कृषि क्षेत्रमा व्यावसायिक रुपमा लागेका कृषि उद्यमीहरुलाई उद्यमशीलता विकासको तालिम प्रदान गरी व्यावसायिक योजना आफै तयार गर्न लगाई व्यावसायिकरण गर्न आकर्षित गरी जिवनस्तर सुधार गर्न बान्छनीय भएकाले प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (१) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६"** स्वीकृत गरी लागू गरेको छ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस विधिको नाम "कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६" रहेको छ।

(२) यो सञ्चालन प्रक्रिया तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस सञ्चालन प्रक्रियामाः-

(क) "अनुदानग्राही" भन्नाले व्यावसायिक रुपमा कृषि बाली खेति तथा पशुपन्छी, माछा तथा मौरी पालन, तथा प्रशोधन उद्योग आदि सञ्चालन गर्ने कृषि व्यवसायसँग संबन्धित कृषक, कृषक समुह, कृषि सहकारी, निजि फर्म तथा कृषि उद्यमीहरुलाई सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले आयआर्जन गर्ने उद्धेश्यले कृषि व्यवसाय सञ्चालनको लागि जोखिम बहन गरी लगानी गर्ने तालिम प्राप्त कृषक सम्झनु पर्छ।

(ग) "एक हप्ते तालिम" भन्नाले छ कार्यदिने तालिमलाई सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम वा लागत सहभागितामा आधारित यस्तै प्रकृतिका कार्यक्रमहरु सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका अनुदान प्रवाह गर्ने निकाय सम्झनुपर्छ।

(च) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ५ लाई सम्झनु पर्छ।

(छ) "प्रस्ताव" भन्नाले उद्यमी सहयोग अनुदान कार्यक्रमबाट आफ्नो कृषि व्यवसायका लागि अनुदान सहयोग पाउन पेश गरिएको कार्ययोजना सहितको विवरणलाई सम्झनु पर्छ।



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार प्रदेश नं.५ बुटवल, नेपाल

(ज) "फरक क्षमता भएका" भन्नाले शारिरिक रुपले कुनै अङ्ग कमजोर भई अपाङ्गता भएका तालिम प्राप्त कृषक सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ लाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले सम्बन्धित पालिका सम्झनु पर्छ।

३. <u>उद्धेश्य</u>: यस कार्यक्रमका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) तालिम लिएका कृषकहरुलाई प्रोत्साहन गरि कृषि क्षेत्रमा लाग्न प्रेरित गर्ने।

(ख) कृषि उत्पादनमा आत्मनिर्भर बनाई आयात प्रतिस्थापन गर्न सहयोग गर्ने।

(ग) कृषकलाई उद्यमीको रुपमा विकास गरी कृषि क्षेत्रको माध्यमबाट जिवन स्तर सुधार गर्ने।

## परिच्छेद-२

## कार्यक्रमको किसिम र कार्यक्रम सञ्चालन प्रकृया

४. कृषि उद्यमी अनुदान सहयोग कार्यक्रमको किसिमः यो कार्यक्रम सञ्चालन प्रयोजन देहाय बमोजिमको कृषि उद्यमीलाई अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ :-

(१) **कृषि उद्यमी अनुदान सहयोग कार्यक्रमः** तालिम प्राप्त महिला कृषि उद्यमीहरुलाई सहयोग र प्रोत्साहन गरी कृषि क्षेत्रमा लाग्न प्रेरित गर्न लागत सहभागितामा सञ्चालन गरिने कार्यक्रम,

(२) **कृषि महिला उद्यमी अनुदान सहयोग कार्यक्रमः** तालिम प्राप्त पुरुष युवा उद्यमीहरुलाई सहयोग र प्रोत्साहन गरी कृषि क्षेत्रमा लाग्न प्रेरित गर्न लागत सहभागितामा सञ्चालन गरिने कार्यक्रम र

(३) **फरक क्षमता भएका कृषि उद्यमी अनुदान सहयोग कार्यक्रमः** तालिम प्राप्त फरक क्षमता भएका उद्यमीहरुलाई अनुदान सहयोग उपलव्ध गराई कृषि क्षेत्रमा लाग्न प्रेरित गर्न लागत सहभागितामा सञ्चालन गरिने कार्यक्रम।

५. कार्यक्रम सञ्चालन प्रकियाः (१) कार्यालयले मागमा आधारित क्षमता अभिबृद्धि तथा सीप विकास तालिमका लागि सुचना प्रवाह गर्नेछ। कार्यालयले बजेट व्यवस्था भए अनुसार कम्तिमा एक हप्ते उद्यमशीलता विकास सम्वन्धी तालिममा सहभागी भएका ईच्छुक कृषकहरुबाट मात्र कार्यक्रम सञ्चालन गर्नेछ।

(२) बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए अनुसार दफा ४ को उपदफा (१), (२), र (३) बमोजिमका कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम ईच्छुक उद्यमीहरुबाट तालिम समाप्त पश्चात सिधै निवेदन र कार्ययोजना लिई मूल्यांकन गरी स्विकृत गरिनेछ।

(३) अघिल्लो आर्थिक वर्षहरुमा तालिम लिएका योग्य आवेदकले समेत आवेदन दिन पाउनेछन्।

(४) योग्य र ईच्छुक उद्यमीले अनुसूची-२ अनुसारको निवेदन तथा अनुसूची-३ बमोजिमको प्रस्ताव पेश गर्नु पर्नेछ। यसरी आवेदन पेश गर्दा तालिम लिएको विषयगत बाली बस्तु विषेशमा मात्र प्रस्ताव पेश गर्नु पर्नेछ।

(५) यसरी पेश हुन आएका प्रस्तावहरु अनुसूची-५ बमोजिम मूल्यांकन गरी कार्यक्रम व्यवस्थापन समितिले क्रमश स्वीकृत गरी कार्यक्रम सञ्चालनका लागि समयावधि सहितको कार्ययोजना तयार गरी सम्झौता गर्नेछ। यसरी स्विकृत अनुदानग्रहीहरुको कार्ययोजना सहितको विवरण सम्बन्धित स्थानीय तहमा पठाईनेछ।

(६) अघिल्लो आर्थिक वर्षहरुमा छनौटमा नपरेका उद्यमीहरु कार्यक्रम तथा बजेटमा व्यवस्था भए अनुसार अरु आर्थिक वर्षहरुमा समेत आवेदन दिन योग्य हुनेछन्।

(७) एकल महिला, तेश्रो लिङ्गी तथा फरक क्षमता भएका आवेदकको हकमा सम्बन्धित निकायबाट सो सम्बन्धी ब्यहोरा खुल्ने प्रमाण पेश गर्नुपर्नेछ।

(८) प्रदेश मन्त्रालय तथा मातहतका कार्यालयबाट विगत २ वर्ष भित्र अन्य अनुदान सहयोग लिएका आवेदकले यस कार्यक्रममा सहभागी हुन पाउने छैनन।

(९) झुठा विवरण पेश गरी अनुदान दोहोरोपना भएको प्रमाणित भएमा कानून बमोजिम कार्वाही र भुक्तानी भईसकेको खण्डमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद-३

## <u>समिति सम्बन्धी व्यवस्था</u>

६. <u>कार्यक्रम व्यवस्थापन समितिको गठन</u>: (१) यस कार्यक्रम सञ्चालनको देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ-:

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | कार्यक्रम सञ्चालन गर्ने कार्यालय | अध्यक्ष |
| (ख) | प्रमुख | कार्यालयको लेखा शाखा | सदस्य |
| (ग) | प्रमुख | कार्यालयको खरिद इकाई शाखा | सदस्य |
| (घ) | प्रमुख | कार्यालयको योजना शाखा | सदस्य |
| (ङ) | अधिकृत | सम्बन्धित शाखा/कार्यालयले तोकेको अधिकृत | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) कार्यक्रम मूल्याङ्कन गरी सिफारिसका लागि कार्यदल गठन गरी जिम्मेवारी तोक्ने,

(ख) कार्यदलबाट मूल्याङ्कन भई स्वीकृतिका लागि पेश भएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृतिका लागि सिफारिस गर्ने,

(ग) छनौट भएका प्रस्तावका उजुरी उपर आवश्यक निर्णय लिने,

(घ) अनुदानग्रहीहरुको अनुगमन मूल्याङ्कन गर्ने गराउने र उत्कृष्ट, सन्तोषजनक र कमजोर आयोजना बर्गिकरण गरी सुझाव पेश गर्ने,

(ङ) कार्यक्रम सञ्चालन सम्बन्धी अन्य कार्यहरु गर्ने/गराउने।

## परिच्छेद-४

## अनुदान रकम, सम्झौता र भुक्तानी प्रकृया

७. अनुदान रकमः (१) स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही प्रस्तावको उपयुक्तताको आधारमा अनुदान रकम प्रदान गरिनेछ। कार्यक्रमको प्रकारका आधारमा देहाय बमोजिम अनुदान रकम प्रवाह गरिनेछ।

| क्र.स | कार्यक्रमको किसिम | अनुदानग्राही | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि उँद्यमी अनुदान सहयोग कार्यक्रम | कृषक उद्यमी स्वयम् वा उद्यमी आबद्ध भएको फर्म समूह/सहकारी | प्रति उद्यमी ३० हजार वा बढीमा ५० प्रतिशत। | बिदेशबाट फर्किएकालाई प्राथमिकता |
| २ | कृषि महिला उद्यमी सहयोग कार्यक्रम (तेश्रो लिङ्गी समेत) | कृषक उद्यमी स्वयम वा उद्यमी आबद्ध भएको फर्म समूह/सहकारी | प्रति उद्यमी ३० हजार वा बढीमा ७५ प्रतिशत। | एकल महिला र तेश्रो लिङ्गीलाई विशेष प्राथमिकता |
| ३ | फरक क्षमता भएका कृषि उद्यमी लक्षित सहयोग कार्यक्रम | कृषक उद्यमी स्वयम वा उद्यमी आबद्ध भएको फर्म समूह/सहकारी | प्रति उद्यमी ३० हजार वा बढीमा ८५ प्रतिशत। | फरक क्षमता अनुसार प्राथमिकता |

(२) अनुदान रकम कार्यालय सञ्चालन तथा व्यवस्थापन लगायतका प्रशासनिक खर्चमा प्रयोग गर्न पाइने छैन। यस कार्यक्रम अन्तर्गत अनुदानग्राहीले कुल लागतको ४० देखि ६० प्रतिशत पूर्वाधार विकासमा, औजार उपकरण खरिदमा ३० देखि ४० प्रतिशत र चालु पुँजी (उत्पादन सामग्री) मा बढिमा २०% सम्म खर्च गर्न सक्नेछन।

(३) सम्बन्धित स्थानीय तह वा ज्ञानकेन्द्र वा विज्ञकेन्द्रबाट कार्ययोजना अनुसार कार्य सम्पन्न सिफारिसका आधारमा कार्यालयले अनुदानग्रहीको खातामा सोझै भुक्तानी दिनेछ।

८. **सम्झौताः** अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राहीसँग भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको समयावधि सहितको कार्ययोजना र अनुसूची-४ बमोजिम सम्झौता गर्नु पर्नेछ। सम्झौता पश्चात कार्यालयले स्विकृत अनुदानग्राहीको विवरण सम्बन्धित स्थानीय तह तथा कृषि ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा उपलब्ध गराउनेछ।

९. **भुक्तानी प्रकृयाः** अनुदान रकमको भुक्तानी सम्बन्धित स्थानीय तह वा ज्ञानकेन्द्र वा विज्ञकेन्द्रबाट अनुसुचि १ अनुसारको कार्य सम्पन्न सिफारिसका आधारमा कार्यालयले अनुदानग्राहीको बैंक खाता मार्फत एकमुष्ठ अनुदान उपलब्ध गराउने छ।

१०. **अनुदानग्राहीले पालना गर्नुपर्ने शर्तहरुः** अनुदानग्राहीले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) अनुदानग्राहीले आफ्नो स्वीकृत परियोजना सम्बन्धित कामको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि सहितको सार्वजनिक सूचना पाटी कार्यक्रम स्थलमा राख्नु पर्नेछ।

(ख) व्यवसाय शुरुवात देखि सञ्चालन सम्बन्धी सम्पुर्ण कार्यको अभिलेख राखेको हुनुपर्नेछ।

(ग) कार्य सञ्चालनका क्रममा मन्त्रालय मातहतका कार्यालयहरु र स्थानीयतहबाट दिइएको निर्देशनको पुर्ण रुपमा पालना गर्नु पर्नेछ।

(घ) मन्त्रालय र मातहतका कार्यालय र स्थानीय तहले खोजेका बखत अनुदानग्राहीको परियोजना र सञ्चालन कार्यप्रगति हेर्न सक्नेछ र सो कार्यप्रगति देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ।

(ङ) अनुदानमा उपलब्ध गराईएको कृषि यन्त्र उपकरणहरु तथा भौतिक पुर्वाधारहरु कृषि कार्यको समयमा कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन।

(च) अनुदानबाट प्राप्त कृषि यन्त्र उपकरणहरु तथा भौतिक पुर्वाधारहरुको मर्मत संभार उपभोक्ता स्वयमले गर्नुपर्नेछ। समुचित प्रयोग नभएको पाइएमा

अनुदान प्रवाह गर्ने निकायले जुनसुकै बेला औजार उपकरण फिर्ता लैजान सक्नेछ।

(छ) अनुदानबाट प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने मसी/छापले लेखुपर्नेछ।

(ज) बिरुवा, मौरी घार, बीउ र मेटल बीन आदि जस्ता कृषि औजार उपकरण तथा सामग्री खरिद गर्दा सरकारी निकायले दर्ता गरेका र आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नु पर्नेछ।

(झ) अनुदान प्राप्त आयोजना निरन्तर रुपमा कम्तीमा ५ वर्षसम्म सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-४

## अनुगमन मुल्याङ्कन

११. अनुगमन मुल्याङ्कनः कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालय र स्थानीय तहले आवश्यकता अनुसार जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ। अनुदान दिने कार्यलयले सबै सरोकारवाला निकायहरुसँग अवश्यक समन्वय गरी संयूक्त अनुगमनको व्यवस्था समेत मिलाउन सक्नेछ।

## परिच्छेद-५

## विविध

१२. पुरस्कार तथा कारवाहीको व्यवस्थाः- पुरस्कार तथा कारवाहीको व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने उत्कृष्ट अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ।

(ख) सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन। अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१३. बाधा अड्काउ फुकाउ- (१) यस सञ्चालन प्रक्रिया कार्यान्वयको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ।

(२) यस सञ्चालन प्रक्रियालाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

मा. आरती पौडेल
मन्त्री

अनुसूची-१

स्थानीय तह वा ज्ञानकेन्द्र वा विज्ञ केन्द्रबाट उपलब्ध हुने सिफारिसको ढाँचा

मिति ..............................

श्री ..............................

............................

विषय: कृषि उद्यमी सहयोग अनुदान भुक्तानी सम्बन्धी सिफारिस पत्र

उपरोक्त विषयमा तहां कार्यालयबाट मिति ................मा स्विकृत ......................................स्थायि ठेगाना भएका.................... का छोरा ............. ..............ले तहांबाट स्विकृत कार्ययोजना अनुसार तपशिल बमोजिकका कार्यहरु सम्पन्न गरेकोमा सम्झौता अनुसार रकम भुक्तानीका लागी सिफारिस साथ अनुरोध गरिन्छ।

कार्यप्रगतिको विवरण:

योजनाको नाम:

| क सं | क्रियाकलापहरु | परिमाण | जम्मा खर्च | मुख्य उपलब्धि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

अनुसूची-२

<u>कृषि उद्यमी सहयोग अनुदान मागका लागि दिने निवेदनको ढाँचा</u>

मितिः...............................

श्री ......................ज्यू
..............................।

विषयः कृषि उद्यमी सहयोग अनुदान उपलब्ध गराइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ...................................... मा प्रकाशित गरिएको सूचना अनुसार.................. जिल्ला ......................न.पा./गा.पा वडा नं. ......मा अवस्थित......................... म कृषि उद्यमी ............................................ कार्य सञ्चालनका लागि अनुदानको रकमको आवश्यकता परेकाले रु. १० को टिकट टास गरि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो प्रस्तावना पेश गरेको छु/छौं।

दस्तखत
नामः
पदः
ठेगानाः
सम्पर्क नं.:
संस्थाको नामः
संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

टिकट रु. १०/-

अनुसूची-३

## व्यावसायिक योजनाको ढाँचा

मा. आरती पौडेल मन्त्री

१. प्रस्तावकको नामः

२. कार्यक्रम सञ्चालन गर्ने ठेगानाः .......... जिल्ला .................. न.पा./गा.पा...........वडा नं. ................ टोल

३. कार्यक्रमको प्रकार: महिला उद्यमी सहयोग/यूवा उद्यमी सहयोग/ फरक क्षमता भएका उद्यमी लक्षित सहयोग कार्यक्रम

४. लक्षित वर्ग: हो/होईन यदि हो भने खुलाउनुहोस.................

५. प्रस्तावित योजनाः

६. प्रस्तावित योजनाको मुख्य उद्धेश्यः

७. प्रस्तावित योजना सम्बन्धि अनुभवः ...........वर्ष

८. संचालित आयोजनाको क्षेत्रफल/संख्याः

९. हालको उत्पादकत्वः ........................... वार्षिक आम्दानी:.......................

१०. आयोजना पश्चात उत्पादकत्वः ........................... वार्षिक आम्दानी:.......................

११. प्रस्तावकको खाता रहेको बैंकः

१२. प्रस्त्वाकको बैंक खाता नं.:

१३. व्यावसायिक योजना सञ्चालनका लागि गरिने क्रियाकलाप तथा अनुमानित लागत

| क्र.स. | क्रियाक्लाप | इकाई | परिमाण | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्बाई, चौडाई, मोटाई लगायतका लागत अनुमान सम्बन्धि विस्तृत विवरण समेत राख्नु पर्नेछ। |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नु पर्नेछ। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

|  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|
| ३ | उत्पादन सामाग्रीहरु |  |  |  |  |  | मल बीउ, स-साना औजार वा ज्यालाहरु |
| ३.१ |  |  |  |  |  |  |  |

१४. आयोजनाबाट हुने सकरात्मक प्रभावः

- आय आर्जनः ................ प्रति वर्ष
- रोजगारी सिर्जनाः .................. जना

१५. आयोजनाबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्याः प्रत्यक्ष........... अप्रत्यक्ष.............

१६. आयोजना स्थलमा सिचाईको व्यवस्था छ/छैन .............छ भने सिचाईको किसिम ..................

१७. आयोजना स्थलमा सडक छ/छैन .............छ भने सडकको किसिम ..................

१८. आयोजना स्थलमा विद्युतको व्यवस्था छ/छैन .............

१९. कार्यक्रम सम्बन्धि संक्षिप्त विवरणः

(क) आवश्यकता र औचित्य

(ख) आयोजना सञ्चालन हुने स्थान र क्षेत्रफल

(ग) आयोजनाबाट उत्पादन हुने वस्तुको सुची

(घ) आयोजनाबाट उत्पादित वस्तुको वजार

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| साक्षी | निवेदक |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| फोन नं.: | फोन नं.: |
| मितिः | मितिः |
|  | छापः.......................................... |

अनुसूची-४

## सम्झौता पत्रको ढाँचा

गा. आरती पौडेल
मन्त्री

यो सम्झौता पत्र..................कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ............ जिल्ला ......................गा.पा./न.पा. वडा नं........ अवस्थित ........................................ समुह/सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषक (यस पछि दोस्रो पक्ष भनिएको) बीच ......................... कार्य सञ्चालनका लागि तपशिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति.............. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मिति......... साल.......... महिना.........गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धि कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्थालाई गर्न दिन पाइने छैन।

३. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु........................(अक्षरुपी....................................................) र दोस्रो पक्षको लागत रु......................(अक्षरुपी ........................................................) व्यहोरिनेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको पुर्वाधार निर्माण तथा मर्मत संभारका लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

६. पुर्वाधार निर्माण तथा मर्मत सम्भार गर्दा दोस्रो पक्षले निर्माण तथा मर्मत संभारको संरचनागत विवरण र लागत खुलाई सर्वसाधरण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पुर्ण विवरण सहितको सार्वजनिक सुचना पाटी राखु पर्नेछ।

७. दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाई गराउनु पर्नेछ।

८. सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धि कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष बिल पेश भएको मितिले सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

१०. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

११. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम...............मिति सम्म यो सम्झौता बमोजिमको सम्पुर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पुर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१२. सम्झौता बमोजिमको लागत सहभागिता सम्बन्धि कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धि कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ।

१३. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नामः- | नामः- |
| पदः- | पदः- |
| मितिः- | मितिः- |
| कार्यालयको छापः- | संस्थको छापः- |

रहोवर

| | |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नामः- | नामः- |
| ठेगानाः- | ठेगानाः- |
| मितिः- | मितिः- |

अनुसूची-५

## मूल्याङ्कन फारमको ढाँचा

१. जिल्ला:

२. आवेदक/ आवेदक संस्थाको नाम:

३. कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. मूल्याङ्कनका आधारहरु:

| क्र.स. | प्रस्ताव मूल्याङ्कनका आधारहरु | अंक | प्राप्तांक |
|---|---|---|---|
| १. | **प्रस्तावित जमिनको उपयुक्तता** | २० | |
| क. | सडक, सिचाई, विधुत तथा आवश्यक जमिनको क्षेत्रफल भएको | २० | |
| ख. | सडक, सिचाई तथा आवश्यक जमिनको क्षेत्रफल भएको तर बिजुलीको सुबिधा नभएको | १५ | |
| ग. | सिचाई तथा आवश्यक जमिनको क्षेत्रफल भएको तर सडक र बिजुलीको सुबिधा नभएको | १० | |
| घ. | आवश्यक जमिनको क्षेत्रफल भएको तर सडक, सिचाई, बिजुलीको सुबिधा नभएको | ५ | |
| २. | **प्रस्तावित व्यावसायिक योजना** | २० | |
| क. | व्यावसायिक दृष्टिले बढी उपयूक्त बालीहरु, वातावरण मैत्री, दिगोपना, मुनाफाजनक र रोजगारमूलक | २० | |
| ख. | व्यावसायिक दृष्टिले बढी उपयूक्त बालीहरु, वातावरण मैत्री, दिगोपना र मुनाफाजनक | १५ | |
| ग. | व्यावसायिक दृष्टिले बढी उपयूक्त बालीहरु, वातावरण मैत्री र मुनाफाजनक | १० | |
| घ. | व्यावसायिक दृष्टिले बढी उपयूक्त बालीहरु र मुनाफाजनक | ५ | |
| ३. | **उत्पादित वस्तुको बजार योजना** | १० | |
| क. | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता आफ्नै ) (आउटलेट भएको | ८ | |
| ख. | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | १० | |
| ग. | बजारीकरणको योजना स्पष्ट नभएको | ७ | |
| ४. | **तालिमका बखत उत्कृष्ट अकं ल्याउन सफल** | ५ | |
| ५. | **व्यवसाय सम्वन्धी अनुभव** | ५ | |

मा. आरती पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| क. | ३ वर्ष भन्दा कम | ३ | |
| ख. | ५-३ वर्ष सम्म | ४ | |
| ग. | ५ वर्ष भन्दा माथि | ५ | |
| ६. | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र) | ५ | |
| क. | ३ दिन अवधी सम्मको तालिम | २ | |
| ख. | ३ देखी ७ दिने अवधि सम्मको तालिम | ३ | |
| ग. | ७ देखि १५ दिने अवधि सम्मको तालिम | ५ | |
| ७. | खेतबारीको व्यवस्थापन | ५ | |
| क. | राम्रो | ५ | |
| ख. | ठिकै | ३ | |
| ८. | प्राथमिकता प्राप्त लक्षित वर्ग | १० | |
| ९ | जमिनको स्वामित्व | १० | |
| क | आफ्नै स्वामित्व | १० | |
| ख | सम्झौता भएको भाडाको जग्गा | ८ | |
| १० | लगानीको सुनिश्चितता | १० | |
| क | नगद वा बैंक मौज्दात | १० | |
| ख | ऋण प्रतिवद्धता | ८ | |
| ग | ऋण लिने प्रस्ताव | ६ | |

नोटः कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार प्रस्तुत मापदण्डको विस्तृतीकरणगर्न सक्नेछ।

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

७. स्थलगत अनुगमन टोलीको रायः

| क्र.स. | नाम थर | पद | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

अनुसूची-६

<u>प्रतिबद्धता पत्रको ढाँचा</u>

मा. आरती पौडेल
मन्त्री

......................................मन्त्रालय/निर्देशनालय/केन्द्रको मिति ........................को सुचना अनुसार.......................................कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सो को व्यावसायिक कार्य योजना सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र घटीमा ५ वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्य योजना अनुसारको कार्य नगरेमा वा ५(पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश नं. ५, प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानून बमोजिम सहुला/बुझाउला। साथै संचालित क्रियाकलापबाट नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

<u>आवेदकको तर्फबाट</u>

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

इति सम्वत् २०................ गते ...................रोज ..........शुभम्

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

मा. अस्ती पौडेल
मन्त्री

अनुसूची-७

<u>उद्यमी अनुदान सहयोग कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध हुने कार्यक्रम र कृयाकलापहरु</u>

१. कृषि तर्फ व्यावसायिक कार्यक्रमहरु

(१) खाद्यान्न वाली अन्तर्गत अन्न, दलहन, तेलहन वाली उत्पादन
(२) बीउ, मल र कृषि उत्पादन सामग्रीको व्यावसायिक उत्पादन
(३) बागवानी अन्तर्गत तरकारी, फलफुल, पुष्प, मसलावाली उत्पादन
(४) व्यावसायिक कृषि वस्तु विशेष अन्तर्गत च्याउ रेशम तथा मौरी पालन
(५) अन्य कृषि नगदेबाली उत्पादन
(६) मुल्य अभिवृद्धि गर्ने उत्पादनोपरान्त व्यावसायिक कार्यहरु (ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग, ब्राण्डीङ्ग र विविधिकरण आदि)
(७) साना प्रसोधन उद्योग सञ्चालन व्यावसायिक कार्यक्रम
(८) कृषि बजारीकरण सम्बन्धि व्यावसायिक कार्यहरु

२. पशुपन्छी तर्फ व्यावसायिक कार्यक्रमहरु

(१) पशुपालन गाई, भैसी, बाखा बंगुर, भेडा पालन सम्वन्धी कार्यहरु
(२) कुखुरा, टर्की, बट्टयाई र लौकाट सम्वन्धी पन्छीपालन कार्यहरु
(३) माछापालन सम्वन्धी कार्यहरु
(४) पशुपन्छी तथा मत्स्यजन्य आहारा पन्छीपालन व्यावसायिक उत्पादन कार्यहरु
(५) पशु स्वास्थ्य सेवा साथै मुल्य अभिवृद्धि हुने कुनै पनि व्यावसायिक कार्यहरु
(६) पशुपन्छी बजारीकरण सम्बन्धी व्यावसायिक कार्यहरु

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल